VERMONT
DEPARTMENT OF HEALTH

# परिवारहरूका लागि COVID-19 को बिमारीपछि स्कुल फर्कनेसम्बन्धी जानकारी

सेप्टेम्बर 2021

जनस्वास्थ्यकर्मी र स्वास्थ्यकर्मीहरूले जनस्वास्थ्यका प्रमाणित सिद्धान्तहरूको प्रयोग गरी यो मार्गदर्शन तयार पारेका हुन्। स्थानीय र प्रान्तीय परिस्थितिहरूमा आउने परिवर्तनबमोजिम यो मार्गदर्शन संशोधन गर्न सकिने छ। यदि तपाईंसँग आफ्नो बच्चाको स्वास्थ्यका बारेमा कुनै प्रश्न वा जिज्ञासा छ भने तपाईंका बच्चाले खोप लगाएको भए पनि वा नलगाएको भए पनि आफ्नो बच्चाका स्वास्थ्य सेवा प्रदायकसँग सल्लाह लिनुहोस्।

## मेरो बच्चा घरमा हुँदा उनमा लक्षणहरू देखिएमा वा मेरो बच्चा स्कुलमा बिरामी भएमा के हुन्छ ?

- तपाईंका बच्चामा COVID-19 का तल सूचीबद्ध लक्षणहरूमध्ये कुनै लक्षण देखिएको छ भने उनलाई स्कुल नपठाई घरमै राख्नुहोस् र स्कुलमा कल गरी उनी अनुपस्थित रहने बारेमा जानकारी गराउनुहोस्।
- तपाईंका बच्चा स्कुलमा हुँदा उनमा COVID-19 का तल सूचीबद्ध लक्षणहरूमध्ये कुनै पनि लक्षण देखिएमा उनलाई विशेष गरी बिसञ्चो भएका विद्यार्थीहरूलाई राखिने क्षेत्रमा सारिने छ र तपाईंलाई फोन गरेर आफ्नो बच्चालाई सकेसम्म चाँडो लिन आउन अनुरोध गरिने छ।
- तपाईंलाई तपाईंका बच्चा बिरामी हुँदा तपाईंका बच्चाका स्कुल नर्स (उपलब्ध हुँदा) र स्वास्थ्य सेवा प्रदायकबिच जानकारी आदानप्रदान गर्न अनुमति दिने सहमति फारममा हस्ताक्षर गर्न प्रोत्साहित गरिन्छ।
- ती विद्यार्थी स्कुलमा कहिले फर्कन सक्छन् भन्ने बारेमा स्कुल नर्स, विद्यार्थीका स्वास्थ्य सेवा प्रदायक र परिवारसँग छलफल गरेर निर्णय गरिनु पर्दछ। यी निर्णयहरूले तपाईंको बच्चाको विद्यालय र समुदायको स्वास्थ्य र सुरक्षा सुनिश्चित गर्दछन्।

## मेरो बच्चाको COVID-19 परीक्षण कहिले गराउनु पर्दछ ? (लिङ्क क्लिक गरेपछि अङ्ग्रेजी भाषाको पेज खुल्छ)

- COVID-19 का कारण बालबालिकामा देखिने लक्षणहरू यस प्रकार छन्:

| | |
|---|---|
| ज्वरो (100.4 °F वा सोभन्दा बढी) आउने | वाकवाकी लाग्ने |
| खोकी लाग्ने | बान्ता हुने |
| सास फुल्ने | पखाला लाग्ने |
| घाँटी दुख्ने | थकाइ लाग्ने |
| सिँगान बग्ने | मांसपेशी दुख्ने |
| गन्ध वा स्वाद थाहा पाउने क्षमतामा कमी आउने | टाउको दुख्ने |

- तपाईंका बच्चामा 24 घण्टाभन्दा लामो समयसम्म COVID-19 का कुनै पनि लक्षणहरू देखिएमा उनको COVID-19 को PCR परीक्षण गराउनु पर्दछ। आफ्नो बच्चाका स्कुल नर्स वा तोकिएका कर्मचारीहरूसँग आफ्नो योजनाको बारेमा जानकारी गराउनुहोस्।

- तपाईंका बच्चालाई ज्वरो आएको छ, खोकी लागेको छ, सिँगान बग्ने समस्या छ, टाउको दुखेको वा स्वाद वा गन्ध थाहा पाउने क्षमतामा कमी आएको छ भने 24 घण्टाभन्दा पहिले नै आफ्नो बच्चाको परीक्षण गराउनुहोस्। यी लक्षणहरू भर्मोन्टमा COVID-19 को परीक्षण गराउँदा पोजिटिभ नतिजा आउने बच्चाहरूमा सामान्यतया देखिने लक्षणहरू हुन्। तपाईंका बच्चालाई अझ छिटो परीक्षण गराउनु पर्ने हो कि भनेर निर्णय लिन मद्दत चाहिन्छ भने कृपया आफ्नो बच्चाका स्वास्थ्य सेवा प्रदायकसँग परामर्श लिनुहोस्।

- तपाईंका बच्चामा माथिको सूचीमा रहेका एलर्जीजन्य लक्षणहरू देखिएमा बढ्दो मात्रामा COVID-19 भाइरस फैलिरहेको यस समयमा COVID-19 को PCR परीक्षण गराउन सिफारिस गरिन्छ।

# परिवारहरूका लागि COVID-19 को बिमारीपछि स्कुल फर्कनेसम्बन्धी जानकारी

सेप्टेम्बर 2021

## मेरो बच्चा कहिले स्कुल फर्कन सक्छ ?

तपाईंका बच्चा स्कुल फर्कनका लागि तपाईंले चिकित्सकले हस्ताक्षर गरेको नोट देखाउनु आवश्यक छैन।

- तपाईंका बच्चामा 24 घण्टाभन्दा कम समयसम्म बिमारीका लक्षणहरू देखिएमा उनमा बिमारीका लक्षणहरू हराएको 24 घण्टा वा सोभन्दा धेरै समय भएपछि उनी स्कुल जान सक्छन्।
- तपाईंका बच्चामा COVID-19 का लक्षणहरू देखिएका छन् र COVID-19 को परीक्षण गराउनुभएको छ भने:
  - उनको परीक्षणको नतिजा नआएसम्म उनी क्वारेन्टिनमा बस्नु पर्छ।
  - परीक्षणको नतिजा नेगेटिभ आएमा उनी निम्न अवस्थामा स्कुल जान सक्छन्:
    - ज्वरो कम गर्ने औषधिको प्रयोगविना ज्वरो नआएको 24 घण्टा वा सोभन्दा बढी भएको छ, र
    - अन्य लक्षणहरूमा सुधार आएको छ।
  - परीक्षणको नतिजा पोजिटिभ आएमा उनी निम्न अवस्थामा स्कुल जान सक्छन्:
    - ज्वरो कम गर्ने औषधिको प्रयोगविना ज्वरो नआएको 24 घण्टा वा सोभन्दा बढी भएको छ, र
    - अन्य लक्षणहरूमा सुधार आएको छ, र
    - कुनै लक्षण देखा नपरेको 10 दिन वा बढी समय बितिसकेको छ।
- यदि तपाईंका बच्चामा 24 घण्टाभन्दा लामो समयसम्म COVID-19 का लक्षणहरू (पृष्ठ एकमा सूचीबद्ध गरिएका) देखिएका छन् र COVID-19 को परीक्षण गराएको छैन तर स्वास्थ्य सेवा प्रदायकद्वारा वैकल्पिक निदान गरिएको थियो भने उनी निम्न अवस्थामा स्कुल जान सक्छन्:
  - ज्वरो कम गर्ने औषधिको प्रयोगविना ज्वरो नआएको 24 घण्टा वा सोभन्दा बढी भएको छ, र
  - अन्य लक्षणहरूमा सुधार आएको छ।
- तपाईंका बच्चामा 24 घण्टाभन्दा लामो समयसम्म COVID-19 का लक्षणहरू (पृष्ठ एकमा सूचीबद्ध गरिएको छ) देखिएका छन् र COVID-19 को परीक्षण गराएको छैन र स्वास्थ्य सेवा प्रदायकद्वारा वैकल्पिक निदान गरिएको थिएन भने उनी निम्न अवस्थामा स्कुल जान सक्छन्:
  - ज्वरो कम गर्ने औषधिको प्रयोगविना ज्वरो नआएको 24 घण्टा वा सोभन्दा बढी भएको छ, र
  - अन्य लक्षणहरूमा सुधार आएको छ, र
  - कुनै लक्षण देखा नपरेको कम्तीमा 10 दिन बितिसकेको छ।

# Return to School Following Illness
# COVID-19 Information for Families

September 2021

This guidance was developed by public health and healthcare professionals using proven public health principles. It may be revised in response to changing local and state circumstances. If you have any questions or concerns about your child's health, regardless of your child's vaccination status, consult your child's healthcare provider.

## What happens if my child has symptoms at home or gets sick in school?

- If your child has any of the COVID-19 symptoms listed below, keep them home from school and call the school to report their absence.
- If your child has any COVID-19 symptoms listed below while at school, they will be moved to an area set up specifically for students not feeling well and you will be called to come pick up your child as soon as possible.
- You are encouraged to sign a consent form that allows information to be shared between your child's school nurse (when available) and healthcare provider when your child is sick.
- Decisions about when a student may return to school should be made with the school nurse, the student's healthcare provider, and the family. These decisions ensure the health and safety of your child's school and community.

## When does my child need a COVID-19 test? (link in English)

- Here are the current pediatric symptoms associated with COVID-19:

| | |
|---|---|
| Fever (100.4°F or higher) | Nausea |
| Cough | Vomiting |
| Shortness of Breath | Diarrhea |
| Sore Throat | Fatigue |
| Runny Nose | Muscle Aches |
| Loss of Smell or Taste | Headache |

- If your child has any COVID-19 symptoms for **longer than 24 hours**, they should obtain a COVID-19 PCR test. Communicate the plan with your child's school nurse or designated personnel.
- Consider having your child tested earlier than 24 hours if they have a fever, cough, runny nose, headache, or loss of taste or smell. These are symptoms commonly experienced by children testing positive for COVID-19 in Vermont. Please consult with your child's healthcare provider if you need assistance deciding if your child needs an earlier test.
- If your child experiences allergy symptoms that are on the list above, COVID-19 PCR tests are recommended during this time of increased circulation of the COVID-19 virus.

## When can my child go back to school?

You ***do not*** need a signed doctor's note for your child to go back to school.

- If your child has illness symptoms for **less than 24 hours**, they can go back to school after it has been 24 hours or more since illness symptoms have resolved.
- If your child has symptoms of COVID-19 and **had a COVID-19 test:**
  - They must quarantine until they have received results of the test.

- If the test results are **NEGATIVE**, they can go back to school after:
  - It has been 24 hours or more of no fever without the use of fever-reducing medicine, **AND**
  - Other symptoms have improved.

- If the test results are **POSITIVE**, they can go back to school after:
  - It has been 24 hours or more of no fever without the use of fever-reducing medicine, **AND**
  - Other symptoms have improved, **AND**
  - 10 days or more have passed since any symptoms appeared.

- If your child has symptoms of COVID-19 (listed on page one) lasting **longer than 24 hours** and **did not** have a COVID-19 test but **an alternative diagnosis was made** by health care provider, they can go back to school after:
  - It has been 24 hours or more of no fever without the use of fever-reducing medicine, **AND**
  - Other symptoms have improved.

- If your child has symptoms of COVID-19 (listed on page one) lasting **longer than 24 hours** and **did not** have a COVID-19 test and **no alternative diagnosis was made,** they can go back to school after:
  - It has been at 24 hours or more of no fever without the use of fever-reducing medicine, **AND**
  - Other symptoms have improved, **AND**
  - At least 10 days have passed since any symptoms appeared.